नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

# पाठ्यपुस्तक छपाइ तथा वितरण गर्न इच्छुक मुद्रक तथा वितरकहरुलाई नवीकरण तथा सूचीकरणका लागि सिलबन्दी प्रस्ताव पेस गर्ने सम्बन्धी सूचना

प्रकाशित मिति : २०८०।१०।५

पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा वितरण निर्देशिका, २०७९ बमोजिम नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मा. मन्त्रीस्तरको मिति २०८०।९।१८ को निर्णयानुसार शैक्षिक सत्र २०८१ का लागि देशभर कक्षा १ देखि कक्षा ४ सम्मका पाठ्यपुस्तक र अन्य पाठ्यसामग्री निजी क्षेत्रका मुद्रक तथा वितरकहरुबाट छपाइ गरी बिक्री वितरण गर्ने प्रयोजनका लागि शैक्षिक सत्र २०८० का लागि अनुमति पाएका फर्म/संस्थालाई नवीकरण गर्न तथा थप सुचीकृत हुन चाहने इच्छुक मुद्रक तथा वितरकले आफ्नो प्रोफाइलसहित यस केन्द्रबाट तोकिएको ढाँचामा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस केन्द्रमा आईपुग्ने गरी रु. १०।- को टिकट टाँसी सिलबन्दी प्रस्ताव पेस गर्न यो सूचना प्रकाशन गरिएको छ । सिलबन्दी प्रस्ताव पेस गर्न आवश्यक फारम केन्द्रको वेवसाइट www.moecdc.gov.np बाट डाउनलोड गर्न सकिनेछ । सिलवन्दी प्रस्ताव दर्ता गर्दा फारमवापत रु. १०००।- (एक हजार पछि फिर्ता नहुने गरी) यस केन्द्रको कार्यालय कोड : ३५००२३३०१, नेपाल बैंक लिमिटेड, कमल विनायक भक्तपुरमा रहेको राजस्व खाता नं. ००१०१००००००००१००१००१ मा जम्मा गरी सोको भौचारसमेत पेस गर्नुपर्ने छ ।

## तपसिल

**समूह क :** कक्षा १ देखि ४ सम्मका पाठ्यपुस्तकहरु

**समूह ख :** विद्यालय तहका पाठ्यक्रम, पाठ्यसामग्री, पाठ्यक्रम कार्यान्वयन निर्देशिकाहरु, शिक्षक निर्देशिकाहरु, परम्परागत तथा मातृभाषाका पाठ्यपुस्तकहरु तथा सन्दर्भ सामग्रीहरु, केन्द्रबाट प्रकाशित अन्य सामग्रीहरु

**छपाई गर्ने कागजको स्पेशिफिकेसन विवरण**

| S.No | Specification | Required Specification |
|---|---|---|
| 1. | Grammage | 70 gsm ± 3% |
| 2. | Thickness | 83-100 Microns |
| 3. | Bendtsen smoothness | ml/min. 100 to 150 |
| 4. | Gurley porosity | second per 100ml maximum 15 |
| 5. | Cobb Value $Gm^2$ | 20 |
| 6. | Moisture content | 4-6 % |
| 7. | Brightness | 90 % + (minimum) |
| 8. | Opacity | 90 % + (minimum) |
| 9. | | *The paper must be in uniform formation, evenly finished and free from specks holes, scraps, torn, creased sheets, baggy stocks and others blemishes.* |

## प्रोफाइलसहितको प्रस्तावमा संलग्न गर्नुपर्ने कागजातको विवरण

१. संस्था/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी (नवीकरणसहित)

२. आयकर तथा मूल्यअभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि

३. सम्बन्धित संस्थाबाट छपाइ भई बजारमा मौज्दात रहेका पाठ्यपुस्तकहरुको (कक्षागत र विषयगत रुपमा) विवरण

४. वितरण प्रणाली, भण्डारण व्यवस्था, गोदाम क्षमता तथा वितरण सञ्जाल

५. छपाई गर्न चाहेको पुस्तक, छपाइ गरी वितरण गरिने प्रदेशगत जिल्ला र छपाई गर्ने अनुमानित पुस्तक सङ्ख्या

६. कक्षा १, २ र ३ का पाठ्यपुस्तक २१ से.मि. र २८ से.मि. आकारमा बहरङ्मा छपाइ गर्नुपर्ने भएकाले उक्त कार्यका लागि उपयुक्त प्रेसको किसिम र क्षमता (साईज, छपाई प्रेसको नाम, उत्पादन कम्पनी मोडेल, छपाइ क्षमता आदि) खुल्ने विवरण

७. गत आर्थिक बर्षको आर्थिक कारोबारको विवरण तथा लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि (वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह सहितको)

८. छपाइ तथा वितरण कार्यमा संलग्न जनशक्तिको विवरण

९. मुद्रण तथा वितरणको कार्यतालिका (२०८० चैत्र १५ गतेसम्म पाठ्यपुस्तक पुर्‍याउने सुनिश्चितता हुनेगरी)

१०. छपाई गरेका पाठ्यपुस्तक देशभरि बिक्री वितरण प्रतिबद्धताको सुनिश्चितता गर्ने कागजात

११. गत आ.व. मा यसै खालका कामको जिम्मेवारी लिएको भए सो को प्रगति विवरण प्रतिवेदन

## मुद्रक तथा वितरकले पालना गर्नुपर्ने अन्य सर्त तथा थप जानकारी

१. निजी मुद्रक तथा वितरकबाट पेस हुने प्रोफाइलसहितका प्रस्तावहरु यस केन्द्रबाट तोकिएको सिलबन्दी प्रस्तावमा दिइएका मुल्याङ्कनका सर्तका आधारमा हुनुपर्ने छ ।

२. सूचीकृत हुन धरौटीवापतको रकम रु. ५०००००।- तोकिएको धरौटी खातामा जम्मा गरेको भौचर पेश गर्नु पर्ने छ ।

३. तोकिएबमोजिमको गुणस्तर स्पेसिफिकेसन (Quality specification) अनुसार पाठ्यपुस्तक छपाइ र वितरण गर्नुपर्ने छ ।

४. केन्द्रले उपलब्ध गराएको मुद्रणीय प्रति (Print Ready Copy-PRC) अनुरुप छपाइ तथा वितरण गर्नुपर्ने छ साथै छपाइ बर्ष अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ ।

५. पाठ्यपुस्तकको प्रकाशकमा पाठ्क्रम विकास केन्द्र रहने एवम् सर्वाधिकारसमेत केन्द्रमा नै निहित रहने छ । तर पाठ्यपुस्तक मुद्रकको नाम उल्लेख हुनुपर्ने छ ।

६. निजी मुद्रक तथा वितरकले नेपाल सरकारले तोकेको मूल्यमा पाठ्यपुस्तक उपलब्ध गराउनुपर्ने छ ।

७. केन्द्रबाट प्रथम पठक पाठ्यपुस्तकहरुको मुद्रणीय प्रति प्राप्त गर्ने मुद्रक तथा वितरकले सेवा शुल्कबापत प्रति पुस्तक रु. १००००।- (अक्षरेपी दश हजार) तोकिएको राजस्व खातामा जम्मा गर्नुपर्ने छ ।

८. एक पटक सूचीकृत भइसकेका फर्म तथा संस्था नवीकरण भएमा सेवा शुल्कबापत प्रत्येक बर्ष प्रतिपुस्तक रु. ५०००।- (अक्षरेपी पाँचहजार) राजस्व तिर्नुपर्ने छ ।

९. मुद्रक तथा वितरकले राजस्व बुझाउँदा समूह 'क' का सबै विषयका लागि अनिवार्य रुपमा र समूह 'ख' का विषयमध्ये इच्छानुसार राजस्व बुझाई मुद्रणीय प्रति (Print Ready Copy-PRC) लिन सकिने छ ।

१० केन्द्रले उपलब्ध गराएको छपाइ गुणस्तर स्पेसिफिकेसन (Quality Specification) बमोजिमको पाठ्यपुस्तक छपाइ गर्नुपर्ने छ । सोअनुरुप नभएमा केन्द्रले जुनसुकै बेला त्यसता पाठ्यपुस्तक बिक्री वितरणमा बन्देज लगाउन सक्नेछ ।

११. मुद्रण तथा वितरण कार्य तालिकाअनुसार कार्य नगरेमा र केन्द्रले दिएको निर्देशन पालना नगरेमा निर्देशिकाबमोजिम कारबाही गरिने छ ।

१२. कारबाहीमा परेका मुद्रक तथा वितरकले अर्को बर्षमा पाठ्यपुस्तक छपाई र वितरण कार्यमा संलग्न हुन पाउने छैनन् र धरौटी रकमसमेत जफत हुने छ ।

१३. सूचीकृत भएका फर्म/संस्थालाई छपाइ गर्न दिने पाठ्यपुस्तक सेट सङ्ख्या विद्यार्थी सङ्ख्या र छपाइ क्षमताका आधारमा केन्द्रले निर्धारण गरेबमोजिम हुने छ ।

१४. गत बर्ष सूचकृित भएर पनि पाठ्यपुस्तक छपाई नगर्ने मुद्रक तथा वितरकलाई प्राथमिकतामा राखिने छैन ।

१५. प्राप्त प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा सुरक्षित रहने छ । केन्द्रको सूचना तथा प्रस्तावमा उल्लेखित सबै कागजात अनिवार्य रुपमा पेश गर्नुपर्ने छ । तोकिएको विवरण र आवश्यक सबै कागजात संलग्न नगरेका मुद्रकहरुलाई सूचीकृत गरिने छैन ।

१६. यससम्बन्धी अन्य कुरा बुझ्नुपरेमा कार्यलय समयभित्र यस केन्द्रमा सम्पर्क (फोन नं. ०१६६३४९१६) राखी बुझ्न सकिनेछ ।

१७ पाठ्यसामग्री छपाइ गर्न चाहेको समूह यस केन्द्रले उपलब्ध गराएको प्रस्ताव फाराममा स्पष्ट खुलेको हुनुपर्ने छ । यो सूचना यस केन्द्रको वेवसाइट www.moecdc.gov.np बाट समेत प्राप्त गर्न सकिने छ ।